# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश

## नदीजन्य पदार्थको बिक्रीका लागी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति:- २०८३/०५/२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), बाह्रदशी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ साथै कोशी प्रदेश आर्थिक ऐन, २०८३ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपलिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले **फर्मको नवीकरण भएको प्रमाणपत्र (ईजाजत आवश्यक हुनेको हकमा ईजाजतपत्र समेत), मू. अ. कर दर्ता प्रमाणपत्र, आ. व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र** (आ. व. २०८१/८२ को पेश गरे पनि पुग्ने), **तोकिए बमोजिमको बोलपत्र जमानत, अख्तियारी पत्र, स्वघोषणा पत्र र रितपूर्वक भरिएको दररेट फाराम सहितको बोलपत्र फाराम** लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना (Hardcopy bid) प्रकाशन गरिएको छ ।

**तपसिल:-**

| सि. नं. | सूचना नं. / बोलपत्र नं. | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम ( मू. अ. कर समेत) | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत र मान्य अवधी | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/Bahradashi/IR/1/2083-84 | बिरिङ्ग खोलाको नदीजन्य पदार्थ संकलन तथा बिक्री | २९,७४,५२९।६५ | ३,०००।०० | कबोल अंकको न्युनतम ५%, पेश गर्ने अन्तिम मितिबाट १२० दिन | २०८३/०६/१५ दिनको १२:०० बजे भित्र | २०८३/०६/१५ दिनको १२:१५ बजे |

**शर्तहरू:**

१) योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि बाह्रदशी गाउं कार्यपालिकाको कार्यालय, चकचकी, झापामा वा ९८१६९३८७७६ वा bahradashirm@gmail.com मा सम्पर्क राख्न सक्नेछन् ।

२) योग्य बोलपत्रदाताहरूले बोलपत्र सम्बन्धी कागजातहरू बाह्रदशी गाउं कार्यपालिकाको कार्यालय, चकचकी, झापाबाट प्राप्त गर्न सक्नेछन् । सोको लागि बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु ३,०००।०० (फिर्ता नहुने) यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक राजगढ स्थित रहेको खाता नं ०८३००८७०५००००११३ मा जम्मा गरी सक्कलै भौचर, निवेदन र फर्मको प्रमाणपत्र मिति २०८३/०६/१४ गतेको कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

३) बोलपत्र दाखिला गर्ने बोलपत्रदाताले **कबोल अंकको न्यूनतम ५%** धरौटी यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक राजगढ स्थित रहेको धरौटी खाता नं **०८३००८७०५००००६२** मा जम्मा गरी भौचर पेश गर्नु पर्ने छ वा मान्यता प्राप्त क वर्गको बैंक बाट यस कार्यालयको नाममा जारी भएको **१२०** दिन म्याद (बोलपत्र पेश गर्ने अन्तिम मितिबाट) भएको बिडबण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

४) बोलपत्र मिति **२०८३/०६/१५ गते दिनको १२:०० बजे** भित्र पेश गर्नु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५) तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बाह्रदशी गाउँपालिकाको कार्यालयमा मिति **२०८३/०६/१५ गते दिनको १२:१५ बजे** खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्र खरिद गर्ने र पेश गर्ने/खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खोल्ने दिन अन्तिम मिति कायम हुनेछ ।

२०८३/०५/२४

(गजेन्द्र थपलिया)
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत